**हेटौडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**आर्थिक विकास (पशुपंक्षी विकास) शाखा**

**अनुदानमा पशुपालन कार्यक्रम सम्बन्धि सूचना**

**(पहिलो पटक सूचना प्रकाशित मिति : २०७८/०५/२१ गते)**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखा को आ.ब. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका पशुपन्छीपालक कृषक , कृषक समूहहरु,फार्म, कृषि सहकारी संस्थाहरुको लागि तपशिल अनुसारका कार्यक्रममा अनुदान उपलब्ध गराउने भएकोले तोकिएको शर्तहरुको अधिनमा रही प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रम क्र.सं. | कार्यक्रमको नाम | अनुदान रकम रु | स्वलगानी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | १८ | अनुदानमा वंगुर प्रवर्द्धन कार्यक्रम। | ८० प्रतिशत वा प्रति वंगुर वढिमा रु ५०००/- | २० प्रतिशत वा प्रति वंगुर कम्तिमा रु १३००/- | |
| २. | १९ | अनुदानमा विउको राँगा/पाडी वितरण कार्यक्रम । | ८० प्रतिशत वा प्रति राँगा वढिमा रु १,००,०००/- प्रति पाडी वढिमा रु ५०,०००/- | २० प्रतिशत वा प्रति राँगा कम्तिमा रु २५,०००/- प्रति पाडी कम्तिमा रु १२,५००/- | |
| ३. | २० | माछा तथा हाँस पालन अनुदान। | ८० प्रतिशत वा वढिमा रु ८०,०००/- | २० प्रतिशत वा कम्तिमा रु २०,०००/- | |
| ४. | २१ | यूवा लक्षित पशुपालन अनुदान कार्यक्रम । | ८० प्रतिशत वा वढिमा रु १,००,०००/- | २० प्रतिशत वा कम्तिमा रु २५,०००/- | |
| ५ | २२ | व्यवसायिक फार्म प्रोत्साहन कार्यक्रम। | ८० प्रतिशत वा वढिमा रु १,००,०००/- | २० प्रतिशत वा कम्तिमा रु २५,०००/- | |
| ६ | २४ | साना कृषक सहयोग कार्यक्रम(काउ म्याट अनुदान) | ८० प्रतिशत वा वढिमा रु २५,०००/- | २० प्रतिशत । | |

१. निवेदनसाथ आवश्यक कागजातहरुः

क) नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान - १

ख) सम्वन्धित वडा कार्यालयको सिफारिस थान - १

ग) सम्वन्धित पशु सेवा केन्द्रको सिफारिस थान - १

घ) समूह/सहकारी/फार्मको हकमा नविकरण सहितको प्रमाण पत्रको प्रतिलिपि थान -१

२. अनुदान कार्यक्रममा छनौट भएमा कार्यालयले तोकेको स्पेसिफिकेशन बमोजमको कूल लागत मध्यको ८० प्रतिशत अनुदान प्राप्त हुनेछ बांकी रकम कृषक/ फर्म/ कृषक समूह/कृषि सहकारी आफैले व्यहोर्नु पर्नेछ ।

३. अनुदान कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित फर्म/ कृषक समूह/कृषि सहकारी संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

४. अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मा रहने छ ।

५. रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

६. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पशुपंक्षी विकास शाखामा वा आफुलाई पाएक पर्ने पशु सेवा केन्द्रमा सम्पर्क गर्नु होला ।